आज मिति २०७९ साल फाल्गुन २५ गते बिहिबार बिहान ९:०० बजे गाउँपालिकाको बैठक हलमा यस तीनपाटन गाउँपालिकाका अध्यक्ष श्री कर्ण बहादुर मगरको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठकमा कार्यक्रममा देहाय बमोजिम उपस्थित भयौं।

-उपस्थिति-

| सि.नं. | पदाधिकारीको नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री कर्ण बहादुर मगर | अध्यक्ष | |
| २. | श्री धन बहादुर पुलामी 'अशोक' | उपाध्यक्ष | |
| ३. | श्री गोविन्द बहादुर राउत | वडा अध्यक्ष-१ | |
| ४. | श्री मुकुन्द प्रसाद पौडेल | वडा अध्यक्ष-२ | |
| ५. | श्री लाल बहादुर स्याङ्तान | वडा अध्यक्ष-३ | |
| ६. | श्री खड्ग बहादुर भुजेल | वडा अध्यक्ष-४ | |
| ७. | श्री भुपाल सिंह तामाङ | वडा अध्यक्ष-५ | |
| ८. | श्री वीर बहादुर पुलामी | वडा अध्यक्ष-६ | |
| ९. | श्री युवराज पहाडी | वडा अध्यक्ष-७ | |
| १०. | श्री कृष्ण प्रसाद गौतम | वडा अध्यक्ष-८ | |
| ११. | श्री मोहन बहादुर गौतम | वडा अध्यक्ष-९ | |
| १२. | श्री पुण्यहरी भुजेल | वडा अध्यक्ष-१० | |
| १३. | श्री तिलक बहादुर वस्नेत क्षेत्री | वडा अध्यक्ष-११ | |
| १४. | श्री तारामाया श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १५. | श्री गंगामाया तामाङ | कार्यपालिका सदस्य | |
| १६. | श्री सिम कुमारी आले | कार्यपालिका सदस्य | |
| १७. | श्री युवमाया मस्राङ्गी | कार्यपालिका सदस्य | |
| १८. | श्री कमल बहादुर दमै | कार्यपालिका सदस्य | |
| १९. | श्री लोक बहादुर वि.क. | कार्यपालिका सदस्य | |
| २०. | श्री जीतेन्द्र गिरी | नि.प्रमुख प्रशासकीय अधिकृत | |

सहजकर्ता श्री चन्द्रिका थापा, का.प्र.    चन्द्रिका

Scanned with CamScanner

<u>सम्वत् २०७९ साल फाल्गुन २५ गते बिहिबारको गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु</u>

| निर्णयनं. | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| १ | अघिल्ला कार्यपालिका बैठकका निर्णयहरु समीक्षा सम्बन्धमा। | यस गाउँपालिकाको यस अघि मिति २०७९/११/०९ गतेको गाउँकार्यपालिका वैठकको निर्णयहरु समीक्षा गरियो। |
| २ | प्रदेश समपूरक तथा विशेष अनुदानको योजना माग तथा प्राथमिकीकरण सम्बन्धमा । | वागमती प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयको प.सं. ०२/०७९/८०, च.नं. ६०२, मिति २०७९/११/१० को पत्रानुसार आगामी आ.व. ०८०/८१ का लागि प्रदेश समपूरक तथा विशेष योजनाको लागि तपसिल बमोजिमका योजनाहरु छनौट गरी पठाउने ।<br>(क) <u>प्रदेश समपूरक अनुदान तर्फः</u><br>१. विश्वज्योति आ.वि. डुंडे भवन निर्माण, वडा नं. ३ -रु.१,००,००,०००/- (एक करोड)<br>२. सान्धाने-सोरा-तोस्राम-कालीमाटी सडक निर्माण,वडा नं. ४ र ७ - रु.१,००,००,०००/- (एक करोड)<br>३. शाखामाडी सातदोबाटो शनि मझुवा वेलटार सान्धाने वाहुनतिल्पुङ मोटरवाटो स्तरोन्नति- रु.१,००,००,०००/- (एक करोड)<br>४. सिक्रे कोटगाउँ धाप विजयपुर मोटरवाटो मोटरवाटो स्तरोन्नति- रु.१,००,००,०००/- (एक करोड)<br>५. कमरखोला वतासे खोरभञ्याङ मोटरवाटो स्तरोन्नति- रु.१,००,००,०००/- (एक करोड)<br>(ख) <u>प्रदेश विशेष अनुदान तर्फः</u><br>१. तोस्रामखोला स्वास्थ्य चौकी भवन निर्माण, वडा नं. ७ - रु.१,००,००,०००/- (एक करोड)<br>२. वहुउद्देश्यीय कोल्डस्टोर निर्माण, वडा नं. ११. -रु.१,००,००,०००/- (एक करोड)<br>३. ढुङ्ग्रेगढी-कुर्थौली-साँढिखोप-मधुगंगा पर्यटकीय सडक निर्माण,तीनपाटन ५, १० र दुधौली-२- रु.१,००,००,०००/- (एक करोड) |



Scanned with CamScanner

## सम्वत् २०७९ साल फाल्गुन २५ गते बिहिबारको गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु

| निर्णयनं. | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| ३ | चालु आ.व.०७९/८० का वजेट, योजना तथा कार्यक्रम कार्यान्वयन सम्वन्धमा । | चालु आ.व.०७९/८० को स्वीकृत योजना तथा कार्यक्रमहरु उपभोक्ता समिति गठन गरी २०७९ चैत्र १५ गते भित्र सम्झौताको लागि अनिवार्य रुपमा गाउँपालिकामा पेश गरिसक्न वडा कार्यालयहरुलाई पत्राचार गर्ने । यस पछि प्राप्त हुने योजनाहरु सम्झौता नगर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने । |
| ४ | दहत्तर वहत्तर कर सम्वन्धमा । | यस गाउँपालिकाको प्रारम्भिक वातावरणीय प्रतिवेदन (IEE) प्राप्त भइसकेको र ढुङ्गा, गिट्टि, वालुवाको ठेक्का प्रक्रियामा रहेकोले ठेक्का नलागेसम्मको लागि वागमती प्रदेश सरकारको आर्थिक ऐन, २०७९ को दररेट वमोजिम योजनाहरुको नापी प्रतिवेदन तथा विओक्यु वमोजिम दहत्तर वहत्तर कर कट्टि गर्ने तथा यस अघिको कर कट्टि अनुमोदन गर्ने । |
| ५ | सहायक कम्प्युटर अपरेटरको तलवमान सम्वन्धमा । | यस गाउँपालिकाको विभिन्न वडा तथा पालिकामा कार्यरत सहायक कम्प्युटर अपरेटर कर्मचारीहरुको न्यूनतम तलवमान रु.२५,०००/- (पच्चिस हजार) कायम गर्ने । यस अघि उक्त तलवमान भन्दा कम तलवमा करार सम्झौता भई कार्यरत सहायक कम्प्युटर अपरेटरहरुको तलव तलवमान वमोजिम आगामी चैत्र १ गतेबाट भुक्तान हुने । |
| ६ | पदाधिकारी उपचार खर्च सम्वन्धमा । | यस गाउँपालिकाको वडा नं. ८ का वडा अध्यक्ष श्री कृष्ण प्रसाद गौतम मुटु सम्वन्धी रोग लागि उपचाररत हुनुभएको तथा वडा नं. २ का वडा सदस्य श्री लाल वहादुर मानन्धर मृगौला सम्वन्धी रोग लागि उपचाररत हुनुभएकोले यस गाउँपालिकाको आ.व. ०७९/८० को वजेटको औषधि उपचार खर्च तथा पदाधिकारी उपचार खर्च शिर्षकवाट औषधी उपचारको विल भरपाई वमोजिम वढिमा क्रमशः रु.५०,०००/- (पचास हजार) र रु.३०,०००/- (तिस हजार) सम्म भुक्तानी गर्ने । |
| ७ | नयाँ प्रशासकीय भवनमा खानेपानी व्यवस्थापन गर्ने सम्वन्धमा । | यस गाउँपालिकाको नयाँ प्रशासकीय भवनमा यही फागुन २९ गते सर्ने तय भएको र खानेपानीको लाइन नभएकोले यस पालिकाको वडा न. ११ स्थित वाङ्गेटार कृषक समूहसँग समन्वय गरी भालुखोलावाट लिफ्ट गरिएको पानी पालिकासम्म ल्याउनको लागि विविध खर्च शिर्षकवाट भुक्तानी हुने गरी आवश्यक पाइप खरिद गर्ने । साथै, पानी ल्याउनको लागि लाम्पन्टार डाँडामा टयाङ्की निर्माण गर्नुपर्ने भएकोले उक्त कार्यको लागि इष्टिमेट वमोजिम रु.१,००,०००/- (एक लाख) समपूरक कोषवाट भुक्तानी गर्ने । |



Scanned with CamScanner

सम्वत् २०७९ साल फाल्गुन २५ गते बिहिबारको गाउँ कार्यपालिकाको वैठकका निर्णयहरु

| निर्णयनं. | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| ८ | भुक्तानी बाँकी दायित्व तथा छुट योजना सम्वन्धमा । | यस गाउँपालिकाको वडा नं. ७ मागत आ.व.०७८/७९ मा सिन्धुली एकीकृत विकास सेवा (सिड्स नेपाल), रानागाउँ खानेपानी उपभोक्ता समिति र यस गाउँपालिकाको त्रिपक्षिय सम्झौता बमोजिम यस गाउँपालिकाले भुक्तानी दिनुपर्ने रकम रु. १,७४,०५० (रुपैयाँ एक लाख चौहत्तर हजार पचास मात्र) समपूरक कोषवाट भुक्तानी गर्ने । |
| ९ | धानबालीको क्षतिपूर्ति सम्वन्धमा । | यस गाउँपालिकाको प्रशासकीय भवन निर्माणको लागि जग्गा सम्याउँदा उक्त माटोले वडा नं. ११ स्थित सुन्दरफाँटको खेतियोग्य जग्गाहरु पुरिएकोले गत विगतका वर्षहरुमा दिँदै आएका जग्गाधनीहरुको जग्गाको प्राविधिकहरुवाट निरीक्षण गराई प्रतिकट्ठा २.५ मुरी धानको प्रचलित दरले हुन आउने क्षतिपूर्ति रकम विपद् व्यवस्थापन कोषवाट भुक्तानी दिने । |
| १० | सार्वजनिक सुनुवाई सम्वन्धमा । | यस गाउँपालिकाको आ.व. ०७९/८० को श्रावण १ गतेदेखि हालसम्म भए गरेको कामकारवाही तथा सेवा प्रवाह सम्वन्धी कामकारवाहीहरुको सम्वन्धमा यही मिति २०७९/११/२७ गतेका दिन अपराह्न १:०० वजे यस गाउँपालिकाको कार्यालयमा सार्वजनिक सुनुवाई आयोजना गर्ने । |
| ११ | विविध । | १. यस गाउँपालिकाको वडा नं. २ को स्वास्थ्य चौकीभिमस्थान, आम्वोटे स्वास्थ्य चौकी र वडा कार्यालय, स्वास्थ्य इकाई छविसेमा खानेपानी व्यवस्था गर्न प्राविधिक स्टिमेट गरी समपूरक कोषवाट भुक्तानी गर्ने ।<br>२. यस गाउँपालिकाको वडा नं. ७ स्थित कालीमाटी पल्लो खानेपानी उपभोक्ता समितिको मोटर खरिद बापत प्राविधिक स्टिमेट बमोजिम पचास प्रतिशतले हुन आउने रकम समपूरक कोषवाट भुक्तानी गर्ने ।<br>३. यस गाउँपालिकाको ११ वटै वडामा वालवालिका रिडिङ क्याम्प सञ्चालन गर्न आवश्यक सामाग्री खरिद तथा वितरण जिन्सी शाखाले गर्ने । साथै, उक्त रकम कार्यालय सञ्चालन तथा विविध शिर्षकवाट भुक्तानी गर्ने ।<br>४. यस गाउँपालिकाको खेलकुद समितिमा सदस्य सचिवको जिम्मेवारी सहायक पाचौं श्री सुरेश कुमार वराललाई तोक्ने । साथै, यस गाउँपालिकावाट तीन वटा विधामा प्रदेश स्तरीय खेलाडी छनौट सिन्धुली जिल्ला मुकामसम्म खेलाडी व्यवस्थापन गर्न वढीमा रु.१,००,०००/- (एक लाख) सम्म समपूरक कोषवाट भुक्तानी गर्ने । |



Scanned with CamScanner